


# नेपाल राष्ट्र बैंक समाचार

वर्ष ४७ | अङ्क ११ | साउन २०८० | जुलाई-अगष्ट २०२३


# गभर्नर अधिकारी एपीजीको वार्षिक बैठकमा सहभागी



apgml.org

गभर्नर महाप्रसाद अधिकारी २०८० असार २४ देखि २९ गतेसम्म क्यानाडाको भ्यानकुभरमा आयोजित एसिया प्यासिफिक ग्रुप अन मनी लाउन्डरिङ (एपीजी) को वार्षिक प्लेनरी बैठकमा सहभागी भई साउन ३ गते स्वदेश फर्कनुभयो ।

सो बैठकमा एपीजीका सदस्य राष्ट्रहरू र पर्यवेक्षक/समीक्षकका रूपमा फाइनान्सियल एक्सन टास्क फोर्स (एफएटीएफ), विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, युएन अफिस अफ ड्रग्स एण्ड क्राइम (युएनओडीसी) लगायतका संस्थाको सहभागिता रहेको थियो ।

बैठकमा गभर्नर अधिकारीको नेतृत्वमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव एवम् सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी राष्ट्रिय समन्वय समितिका संयोजक उदयराज सापकोटा र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव एवम् पारस्परिक मूल्याङ्कन मूल समितिका संयोजक धनराज ज्ञवालीसहित पारस्परिक मूल्याङ्कनमा प्रत्यक्ष सहभागी भएका विभिन्न निकायका प्रतिनिधिहरूको सहभागिता थियो ।

उक्त बैठकले यस वर्ष सम्पन्न भएका नेपाल, ब्रुनाई र लाओसको पारस्परिक मूल्याङ्कन प्रतिवेदन पारित गऱ्यो । साथै, मङ्गोलिया, थाइल्याण्डलगायतका देशको वार्षिक प्रगति विवरणउपर छलफल गरी ती देशका अनुगमन प्रतिवेदन पारित गरिएको थियो ।

उक्त बैठकमा नेपालको पारस्परिक मूल्याङ्कनको प्रारम्भिक प्रतिवेदनका सम्बन्धमा विस्तृत छलफल हुँदा मूल्याङ्कनकर्ताले यसअघि मूल्याङ्कन गरेको रेटिङमा एउटा सुझाव स्तरोन्नति भई उक्त प्रतिवेदनमा उल्लिखित अवस्थामा केही सुधार भएको थियो । बैठकमा नेपालको यससम्बन्धी कानुन निर्माण र संशोधनसम्बन्धी विषयले उच्च प्राथमिकता पाएको थियो । प्लेनरी बैठकले पारित गरेको पारस्परिक मूल्याङ्कन प्रतिवेदनको फलोअप प्रतिवेदन एपीजीमा पेस गर्नुपर्ने हुन्छ भने यस अवसरमा पारित भएका पारस्परिक मूल्याङ्कन प्रतिवेदन एफएटीएफमार्फत ग्लोबल नेटवर्कमा सञ्चार भएपश्चात् सुझावमा रहेका बुँदाहरू कार्यान्वयनमा लैजाने कार्ययोजनासहितको प्रतिबद्धता सरकारले एफएटीएफसमक्ष पेस गर्नुपर्ने व्यवस्था छ । यस सिलसिलामा मुलुक प्रत्यक्ष निगरानीमा रहनुअघि एफएटीएफले नेपाललाई अब्जरभेसन अवधि प्रदान गर्नेछ जुन अवधिमा सुझाइएका कार्यहरू कार्यान्वयन हुने अपेक्षा राखिएको हुन्छ । यी सुझावहरू एफएटीएफका मापदण्ड र अन्य मुलुकले पालना गर्दै आएका विषयलाई आधार मानी पारित भएका हुन्छन् ।

गभर्नर अधिकारीले बैठककै क्रममा सेन्ट्रल बैंक अफ श्रीलङ्काका गभर्नर डा. पी. नन्दलाल विरासिङ्घेसँग साइडलाइन बैठक गर्नुभएको थियो । उक्त बैठकमा नेपाल र श्रीलङ्काको वर्तमान आर्थिक स्थिति, दुई केन्द्रीय बैंकबीचको सम्बन्ध र द्विपक्षीय सहयोगका सम्बन्धमा छलफल भएको थियो । साथै, गभर्नर अधिकारीले अमेरिकी प्रतिनिधिमण्डलमा सहभागी युएस ट्रेजरी, युएस डिपार्टमेन्ट अफ जस्टिस र युएस डिपार्टमेन्ट अफ स्टेटको टोलीसँग समेत छलफल गर्नुभएको थियो । छलफलमा नेपालको पारस्परिक मूल्याङ्कन प्रतिवेदनले औंल्याएका विषयहरू समेटिएको थियो ।

एपीजीको वार्षिक बैठकपश्चात् गभर्नर अधिकारीले अमेरिकाको वाशिङ्टन डीसीस्थित अन्तर्राष्ट्रिय मुद्रा कोषको मुख्यालयमा कोषका उप-प्रबन्ध निर्देशक एन्टोनेट सायहसहित साउथ इस्ट एसिया भोटिङ ग्रुपका कार्यकारी निर्देशक, मनी एण्ड क्यापिटल मार्केट

(एमसीएम) डिपार्टमेन्ट, लीगल डिपार्टमेन्ट र इन्टरनेशनल डेभलपमेन्ट फाइनान्स कर्पोरेशन (डीएफसी) का विशिष्ट पदाधिकारीहरूसँग सेफगार्ड एसेसमेन्ट, विस्तारित कर्जा सुविधा, पारस्परिक मूल्याङ्कनलगायत अन्य सान्दर्भिक विषयमा द्विपक्षीय छलफल गर्नुभएको थियो ।

बैठकमा बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक देवकुमार ढकाल, वित्तीय जानकारी इकाइका प्रमुख दीर्घबहादुर रावललगायत बैंकका अन्य अधिकारीको समेत सहभागिता थियो ।



एपीजी एफएटीएफ स्टाइल क्षेत्रीय निकाय (एफएसआरबी) हो र यसले एसिया प्यासिफिक क्षेत्रमा सम्पत्ति शुद्धीकरणसम्बन्धी एफएटीएफ मापदण्डअनुसारको नीति, नियम र सोको कार्यान्वयनका लागि आवश्यक अनुगमन र समन्वय गर्दछ । यसले सन् २०२१ देखि नेपालको तेस्रो चरणको पारस्परिक मूल्याङ्कन गरिरहेको छ । सन् १९९५ मा स्थापित यस संस्थामा हाल एसिया प्यासिफिक क्षेत्रका ४१ वटा राष्ट्रहरू सदस्य रहेका छन् । एपीजीको मुख्य सचिवालय अष्ट्रेलियाको सिड्नीमा अवस्थित छ । ■

# जनशक्ति योजना सम्बन्धी गोष्ठी सम्पन्न




जनशक्ति व्यवस्थापन विभागले असार १५ र १६ गते काठमाडौंको चन्द्रागिरीमा प्रस्तावित 'नेपाल राष्ट्र बैंक जनशक्ति योजना (२०८०/८१-२०८४/८५)' सम्बन्धी गोष्ठी आयोजना गर्‍यो ।

गभर्नर महाप्रसाद अधिकारी, डेपुटी गभर्नरद्वय डा. नीलम ढुङ्गाना तिम्सिना र बमबहादुर मिश्र, सञ्चालकहरू चिन्तामणि शिवाकोटी, डा. शङ्करप्रसाद आचार्य र डा. रवीन्द्रप्रसाद पाण्डेको उपस्थितिमा विभागले उक्त गोष्ठी आयोजना गरेको हो । गोष्ठीमा बैंकका कार्यकारी निर्देशक, निर्देशक, प्रदेशस्थित कार्यालयका प्रमुखहरूको सहभागिता थियो ।

गोष्ठीमा गभर्नर अधिकारीले बैंकको जनशक्ति व्यवस्थापनको क्षेत्रमा भएका उल्लेख्य कार्यहरूको चर्चा गर्दै बैंकका उद्देश्य परिपूर्ति गर्नका लागि सही ढङ्गले जनशक्ति व्यवस्थापन हुनुपर्ने आवश्यकतामा जोड दिनुभयो । सहभागीबाट प्राप्त हुने सुझावलाई समावेश गरी प्रतिवेदनलाई अन्तिम रूप दिन योजना तर्जुमा समितिलाई निर्देशन दिनुभयो । योजनामा उल्लिखित कार्यक्रमलाई कार्यान्वयन गर्ने प्रतिबद्धता समेत उहाँले व्यक्त गर्नुभयो ।

सो अवसरमा जनशक्ति व्यवस्थापन विभागका कार्यकारी निर्देशक तुलसीप्रसाद घिमिरेले जनशक्ति योजनाको उद्देश्य, सीमा, सङ्गठनात्मक संरचना र दरबन्दी योजनासम्बन्धी प्रस्तुति दिनुभयो भने

निर्देशक ईश्वरीप्रसाद भट्टराईले विभागीय संरचना, तालिम तथा व्यवस्थापन योजना, उत्प्रेरणा तथा अनुरक्षण योजना र योजनाको मूल्याङ्कन तथा अनुगमनसम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभयो ।

जनशक्ति योजनाको मस्यौदामाथि सहभागीहरूबीच दुई वटा सत्रमा अन्तरक्रिया भएको थियो । डेपुटी गभर्नरद्वय तिम्सिना र मिश्रले अन्तरक्रिया सत्रको सहजीकरण गर्नुभएको थियो । छलफल सत्रहरूमा सहभागी कार्यकारी निर्देशक, निर्देशक र बैंकमा क्रियाशील कर्मचारी संघ/सङ्गठनका पदाधिकारीले मस्यौदा प्रतिवेदन उपर राय/सुझाव दिनुभएको थियो ।

सो अवसरमा डेपुटी गभर्नरद्वय तिम्सिना र मिश्रले राय/सुझावको निम्ति सबैलाई धन्यवाद दिँदै प्राप्त सुझावका आधारमा जनशक्ति योजनालाई अन्तिम रूप दिइने प्रतिबद्धता व्यक्त गर्नुभयो । बैंकका सञ्चालक एवम् जनशक्ति योजना (२०८०/८१-२०८४/८५) तर्जुमा उच्चस्तरीय समितिका संयोजक चिन्तामणि शिवाकोटीले छलफलमा उठेका विषयलाई सम्बोधन गर्दै योजना तर्जुमामा अवलम्बन गरिएका विधिबारे जानकारी दिनुभयो ।

विभागका कार्यकारी निर्देशक घिमिरेले कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै सबै सहभागीलाई स्वागत गर्नुभयो भने उप-निर्देशक प्रियंका बस्न्यातले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# लघुवित्त संस्थाको समस्या समाधानसम्बन्धी अन्तरक्रिया




आर्थिक अनुसन्धान विभागले असार २० गते काठमाडौंमा 'लघुवित्त वित्तीय संस्थाको वर्तमान समस्या र समाधानका उपाय' विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

लघुवित्त संस्थामा देखिएका समस्याको समाधानका निम्ति सुझाव सङ्कलन गर्ने उद्देश्यका साथ विभागले उक्त कार्यक्रम आयोजना गरेको हो । लघुवित्त क्षेत्रका विद्यमान समस्याको पहिचान गरी समाधानका उपाय सिफारिस गर्नका लागि राष्ट्र बैंक सञ्चालक समितिले २०८० वैशाख १४ गते आर्थिक अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. प्रकाशकुमार श्रेष्ठको संयोजकत्वमा आठ सदस्यीय अध्ययन समिति गठन गरेको थियो ।

अन्तरक्रिया कार्यक्रममा गभर्नर महाप्रसाद अधिकारीले नेपालमा महिला सशक्तीकरण र स्वरोजगार सिर्जनामा लघुवित्त क्षेत्रको महत्वपूर्ण योगदान रहेको चर्चा गर्नुभयो । तथापि पछिल्लो समयमा लघुवित्त संस्थामा नाफामुखी संस्कार हावी हुँदै गएपछि समस्या देखिन थालेको उहाँको टिप्पणी थियो । "जब सेयर बजारमा लघुवित्त संस्थाको 'लिस्टेड' हुन थाल्यो तब संस्थाहरू लाभांशमा बढी केन्द्रित हुन थाले । लघुवित्तमा 'कल्चर' बिग्रन थालेको त्यही बेलादेखि हो ।" उहाँले भन्नुभयो ।

लघुवित्त संस्थाहरू स्वनियन्त्रणमा नरहेको उहाँको भनाइ थियो । पछिल्लो समयमा लघुवित्त संस्थाको संख्या उच्च रहेको उल्लेख गर्दै गभर्नर अधिकारीले मर्जर र प्राप्तिमार्फत हाल ५७ वटा कायम गरिएको बताउनुभयो । अध्ययन समितिले दिने सुझावका आधारमा लघुवित्त संस्थाका कामबारबाहीलाई थप व्यवस्थित बनाइने जानकारी उहाँले दिनुभयो । "नेपालको अर्थतन्त्रमा लघुवित्त संस्थाको विशिष्ट योगदान छ । निश्चित कमी कमजोरीका आधारमा यसको औचित्यमाथि टिप्पणी गर्न मिल्दैन । हामी यसलाई अझ जीवन्त ढङ्गले सञ्चालन गर्न चाहन्छौँ ।" उहाँको भनाइ थियो ।

कार्यक्रममा विभागका का.मु. निर्देशक एवम् अध्ययन समितिका सदस्य-सचिव डा. वीरेन्द्रबहादुर बुढाले समितिले तयार गरेको लघुवित्त संस्थाको विद्यमान स्थितिलाई समेटेर कार्यपत्र प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँले लघुवित्त संस्थाको शाखागत सञ्जाल, कर्जा प्रवाह, प्रतिफल, सञ्चालन खर्च, ऋणीको खाता विवरण, लघुवित्त संस्थामा देखिएका समस्याबारे जानकारी दिनुभयो ।

कार्यक्रममा बैंक तथा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत, लघुवित्त क्षेत्रका विज्ञ, नेपाल नगरपालिका संघ, गाउँपालिका महासंघलगायतका संस्थाका प्रतिनिधिको सहभागिता थियो । अध्ययन समितिलाई लघुवित्त संस्थाको वित्तीय अवस्था सूचकाङ्कको विश्लेषण गर्ने, समस्याको पहिचान गरी अल्पकालीन, मध्यकालीन र दीर्घकालीन उपायको सिफारिस गर्ने, विद्यमान कानुनी र नीतिगत व्यवस्था परिमार्जनका निम्ति सिफारिस गर्ने, संस्थाको आवश्यक संख्या र भौगोलिक उपस्थितिको विश्लेषण गरी सुझाव पेस गर्ने कार्यादेश दिइएको छ ।

सो अवसरमा अध्ययन समितिका संयोजक श्रेष्ठले स्वागत मन्तव्य राख्दै समितिले हालसम्म गरेका कार्यसम्पादनबारे जानकारी दिनुभयो । विभागका सहायक सोनी अधिकारीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

## मौद्रिक नीति तर्जुमासम्बन्धी अन्तरक्रिया

# कर्जाको दुरूपयोग रोक्न चालु पुँजी कर्जा : गभर्नर अधिकारी




गभर्नर महाप्रसाद अधिकारीले कर्जाको दुरुपयोग नियन्त्रणको निम्ति चालु पुँजी कर्जासम्बन्धी मार्गदर्शन जारी गरिएको स्पष्ट पार्नुभएको छ ।

मौद्रिक नीति तर्जुमाको सिलसिलामा राय/सुझाव सङ्कलन गर्ने उद्देश्यले आर्थिक अनुसन्धान विभागद्वारा असार १४ गते काठमाडौंमा आयोजित कार्यक्रममा उहाँले यस्तो धारणा राख्नुभएको हो । उहाँले भन्नुभयो, "मैले बारम्बार भन्दै आएको छु चालु पुँजी कर्जासम्बन्धी मार्गदर्शन सुधारको एजेण्डा हो । यसले बैकिङ क्षेत्रको विकृति हटाउनेछ, ऋणीहरू ठुलो जोखिममा पर्ने खतरा कम हुनेछ । सुधार गर्ने क्रममा अलिकति सकस आउन सक्छ ।"

चालु पुँजी कर्जासम्बन्धी मार्गदर्शन कार्यान्वयनका क्रममा कुनै समस्या भएमा छलफल गर्न राष्ट्र बैंक सधैं तयार रहेको उल्लेख गर्दै गभर्नर अधिकारीले कर्जाको दुरुपयोग स्वीकार्य नहुने स्पष्ट पार्नुभयो । "यो मार्गदर्शनकै कारण नियमित व्यवसायका क्रममा समस्या परेका छन् भने आउनुस्, छलफल गरौं । तर हिजो गल्ती गरियो, अब फेरि गल्ती गर्न पाउँ भन्ने कुरा जायज हुँदैन । कर्जा दुरुपयोगको छुट कसैलाई छैन ।" उहाँले भन्नुभयो । आगामी मौद्रिक नीतिमा सरोकारवालाका रचनात्मक सुझावलाई बैंकले अध्ययन गर्ने जानकारी गभर्नर अधिकारीले दिनुभयो ।

कार्यक्रममा आर्थिक अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. प्रकाशकुमार श्रेष्ठले अर्थतन्त्रको विद्यमान अवस्था र मौद्रिक नीति तर्जुमाको पृष्ठभूमिका सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यपत्रमाथि सहभागीहरूबीच छलफल भएको थियो ।

सो अवसरमा डेपुटी गभर्नरद्वय डा. नीलम ढुङ्गाना तिम्सिना र बमबहादुर मिश्र, बैंकका सञ्चालकहरू चिन्तामणि सिवाकोटी, डा. शङ्करप्रसाद आचार्य र डा. रवीन्द्रप्रसाद पाण्डेको उपस्थिति थियो । साथै, बैंक तथा वित्तीय संस्थाका सञ्चालक, प्रमुख कार्यकारी अधिकृत, उद्योग वाणिज्यसम्बद्ध संघसंस्थाका प्रतिनिधि, पर्यटन व्यवसायी, नेपाल धितोपत्र बोर्ड र राष्ट्रिय बीमा प्राधिकरणका प्रतिनिधि, विश्वविद्यालयका प्राध्यापक धितोपत्र व्यवसायीलगायत सरोकारवाला निकायका प्रतिनिधिको सहभागिता थियो ।

सो अवसरमा सहभागीका तर्फबाट उत्पादनमूलक उद्योग र व्यवसायलाई आगामी मौद्रिक नीतिले सम्बोधन गर्नुपर्ने, कर्जाको जोखिमभारसम्बन्धी व्यवस्थामा पुनर्विचार गरिनुपर्ने, चालु पुँजी कर्जासम्बन्धी मार्गदर्शनलाई सहज बनाउनुपर्ने, निर्यातमूलक उद्योगका लागि सहुलियत प्याकेज ल्याउनुपर्नेलगायतका सुझाव प्राप्त भएको थियो ।

सो अवसरमा आर्थिक अनुसन्धान विभागका निर्देशक माधव दंगालले स्वागत मन्तव्य राख्नुभयो भने सहायक निर्देशक रेखा घिमिरेले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# संस्थागत सामाजिक उत्तरदायित्वसम्बन्धी कानुनको मस्यौदामाथि अन्तरक्रिया




कानुन महाशाखाले असार ३ गते संस्थागत सामाजिक उत्तरदायित्वसम्बन्धी कानुनको मस्यौदाउपर सरोकारवाला निकायसँग अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

वित्तीय क्षेत्रका संस्थाहरूलाई समेट्ने गरी तयार गरिएको संस्थागत सामाजिक उत्तरदायित्वसम्बन्धी कानुनको मस्यौदाउपर राय/सुझाव लिने उद्देश्यले महाशाखाले उक्त कार्यक्रम आयोजना गरेको हो । सो अवसरमा गभर्नर महाप्रसाद अधिकारीले वित्तीय क्षेत्रका संस्थाले बहन गर्नुपर्ने संस्थागत सामाजिक उत्तरदायित्वलाई एकीकृत कानुनमा समेट्ने उद्देश्यले उक्त मस्यौदा तयार गरिएको जानकारी दिनुभयो । सरोकारवाला निकायबाट प्राप्त हुने सुझावबमोजिम यसको मस्यौदालाई अन्तिम रूप दिइने उहाँको धारणा थियो ।

कार्यक्रममा नेपाल धितोपत्र बोर्डका अध्यक्ष रमेशकुमार हमालले वित्तीय क्षेत्रका सबै संस्थालाई समेटेर एकीकृत कानुन बनाउने बैंकको प्रयास सान्दर्भिक रहेको उल्लेख गर्दै संस्थागत सामाजिक उत्तरदायित्वको क्षेत्र निर्धारण गर्दा त्यसले पार्न सक्ने प्रभावलाई प्राथमिकता दिनुपर्ने धारणा राख्नुभयो । नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले जलवायु परिवर्तन र अन्य उदीयमान क्षेत्रलाई पनि संस्थागत उत्तरदायित्वमा समेट्नुपर्ने सुझाव दिनुभयो । सो अवसरमा नेपाल बैंकर्स संघका अध्यक्ष सुनिल केसीले संस्थागत उत्तरदायित्वको बजेटलाई क्षेत्रगत प्राथमिकता निर्धारण गरी पाँच वर्षे योजना बनाएर खर्च गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

कार्यक्रममा कानुन महाशाखाका निर्देशक दीपकराज लामिछानेले प्रस्तावित संस्थागत सामाजिक उत्तरदायित्वसम्बन्धी कानुनको मस्यौदा र यसका सैद्धान्तिक विषयलाई समेटेर कार्यपत्र प्रस्तुत गर्नुभयो । उहाँले संस्थागत सामाजिक उत्तरदायित्वको अवधारणा, नेपालमा यसको कानुनी र नीतिगत अभ्याससँगै बैंकले तयार गरेको कानुनको मस्यौदाका मुख्य विषयवस्तुबारे जानकारी दिनुभयो ।

कार्यपत्रमाथि सहभागीहरूबीच अन्तरक्रिया भएको थियो । डेपुटी गभर्नर बमबहादुर मिश्रले उक्त सत्रको सहजीकरण गर्नुभएको थियो । सो अवसरमा अर्थ मन्त्रालय, कानुन मन्त्रालय, नेपाल कानुन आयोग, महान्यायाधिवक्ताको कार्यालय, कम्पनी रजिष्ट्रारको कार्यालय, उद्योग वाणिज्य महासंघ, बैंकर्स एसोसिएसनलगायतका संस्थाका प्रतिनिधिको सहभागिता थियो ।

सो अवसरमा कानुन महाशाखाका उप-निर्देशक सुमन आचार्यले स्वागत मन्तव्य राख्दै कार्यक्रमको औचित्यबारे प्रकाश पार्नुभयो भने सहायक निर्देशक सरिता महर्जनले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

## वित्तीय सेवा बैंकिङ प्रणालीको अभिन्न अङ्ग : गभर्नर अधिकारी

# गभर्नर अधिकारीद्वारा South Asia Leaders Roundtable लाई सम्बोधन




गभर्नर महाप्रसाद अधिकारीले डिजिटल वित्तीय सेवा वित्तीय प्रणालीको अभिन्न अङ्ग रहेको धारणा राख्नुभएको छ।

South Asian Regional Financial Inclusion Initiative (SARFII) द्वारा असार २० गते आयोजित South Asia Leaders Roundtable विषयक भर्चुअल बैठकलाई सम्बोधन गर्दै SARFII का उपाध्यक्षसमेत रहनुभएका गभर्नर अधिकारीले यस्तो धारणा राख्नुभएको हो। उहाँले भन्नुभयो, "डिजिटल वित्तीय सेवा हाम्रो बैंकिङ प्रणालीको अभिन्न अङ्ग हो। कोभिडजस्ता सङ्कट र अनिश्चितताको समयमा यसले व्यावसायिक निरन्तरतामा टेवा पुऱ्याउँछ।"

बैठकमा उहाँले दक्षिण एसियाली मुलुकहरूबीचको अन्तरदेशीय भुक्तानी प्रणालीलाई थप मजबुत बनाउनुपर्ने आवश्यकता औँल्याउनुभयो। साथै, दक्षिण एसिया क्षेत्रमा वित्तीय साक्षरता र समावेशीकरणलाई प्रवर्द्धन गर्न सबैले ऐक्यबद्धता जनाउनुपर्ने धारणा उहाँले राख्नुभयो।

सो अवसरमा गभर्नर अधिकारीले नेपालमा डिजिटल भुक्तानीको नीतिगत तथा प्राविधिक पूर्वाधार विकास, अन्तरदेशीय भुक्तानी संयन्त्र, वित्तीय ग्राहक संरक्षण, लघुवित्त सेवाको प्रवर्द्धनलगायतका क्षेत्रमा भएका प्रगतिबारे चर्चा गर्नुभयो।

बैठकमा गभर्नर अधिकारीले नेपालको कुल जनसंख्याको दुई तिहाइ हिस्सामा मोबाइल बैंकिङको पहुँच पुगेको उल्लेख गर्दै पछिल्लो समयमा क्यूआर कोड, डिजिटल वालेटजस्ता माध्यमबाट हुने भुक्तानी कारोबारमा उल्लेख्य वृद्धि भएको जानकारी दिनुभयो।

डिजिटल भुक्तानीको तीव्र विकाससँगै प्रणालीका सम्भावित जोखिमलाई सम्बोधन गर्न नेपालमा आवश्यक संयन्त्र विकास गरिएको विचार गभर्नर अधिकारीले व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो, "साइबर सुरक्षा जोखिमलाई केन्द्रित गर्दै बैंक तथा वित्तीय संस्थाको 'सिस्टम अडिट' गराई सुपरिवेक्षकीय अनुगमनसमेत गर्ने अभ्यास सुरु गरेका छौं।"

बैठकमा बङ्गलादेश बैंकका डेपुटी गभर्नर नुरुन नाहर, सेन्ट्रल बैंक अफ श्रीलङ्काका डेपुटी गभर्नर टीएमजेवाईपी फर्नान्डो, माइक्रो क्रेडिट रेगुलेटरी अथोरिटी अफ बङ्गलादेशका कार्यकारी उपाध्यक्ष मोहम्मद फासिउल्लाह र सार्क मुलुकका केन्द्रीय बैंकका अन्य पदाधिकारीको सहभागिता थियो। माल्दीभ्स मनिटरी अथोरिटीका गभर्नर अली हसिमले उक्त बैठकको अध्यक्षता गर्नुभएको थियो।

दक्षिण एसियामा वित्तीय समावेशीकरणलाई प्रवर्द्धन गर्ने उद्देश्यका साथ सन् २०२२ सेप्टेम्बरमा Alliance for Financial Inclusion (AFI) को क्षेत्रीय संयन्त्रका रूपमा 'South Asian Regional Financial Inclusion Initiative (SARFII)' को स्थापना भएको थियो। ■

# सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी अन्तरक्रिया



गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभागले असार १ गते काठमाडौंमा विप्रेषण कारोबार गर्ने कम्पनीको स्थलगत निरीक्षणका क्रममा देखिएका कैफियत र सम्पत्ति शुद्धीकरण निवारणका सम्बन्धमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

गभर्नर महाप्रसाद अधिकारी, डेपुटी गभर्नरद्वय डा. नीलम ढुङ्गाना तिम्सिना र बमबहादुर मिश्रको उपस्थितिमा विभागले उक्त कार्यक्रम आयोजना गरेको हो । सो अवसरमा गभर्नर अधिकारीले मुलुकको अर्थतन्त्रमा विप्रेषण कम्पनीको भूमिका महत्वपूर्ण रहेको चर्चा गर्दै कम्पनीका कामकारबाहीलाई अझ व्यवस्थित बनाउन सकेमा विप्रेषण आप्रवाह थप बढ्ने धारणा राख्नुभयो । यसको निम्ति नेपाल राष्ट्र बैंक, सरकारी निकाय, विप्रेषण कम्पनीलगायतका सरोकारवाला निकायबीच समन्वय हुनुपर्ने आवश्यकतामा उहाँले जोड दिनुभयो । साथै, विप्रेषण कम्पनीको निरीक्षण र सुपरिवेक्षणलाई थप प्रभावकारी बनाउनुपर्ने उहाँको धारणा थियो । कार्यक्रममा डेपुटी गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिनाले प्रचलित कानुन र बैंकबाट जारी भएका नीति/निर्देशनको पूर्ण पालना गर्न विप्रेषण कम्पनीहरूलाई आग्रह गर्नुभयो ।

कार्यक्रममा विभागका उप-निर्देशक सचिनराज पियाले विप्रेषण कम्पनीको स्थलगत निरीक्षणका क्रममा देखिएका कैफियत तथा वित्तीय जानकारी इकाइका उप-निर्देशक स्वरूप श्रेष्ठले सम्पत्ति शुद्धीकरण निवारण र आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणका विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । सोपश्चात् सहभागीहरूबीच छलफल भएको थियो । डेपुटी गभर्नर बमबहादुर मिश्रले छलफल सत्रको सहजीकरण गर्दै सहभागीका जिज्ञासाउपर सम्बोधन गर्नुभएको थियो ।

सो अवसरमा विदेशी विनिमय व्यवस्थापन विभागका कार्यकारी निर्देशक रामु पौडेलले समेत मन्तव्य राख्नुभयो । गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक प्रदीपराज पौड्यालले समापन मन्तव्य राख्नुभएको थियो । कार्यक्रममा विप्रेषण कम्पनीका उच्च व्यवस्थापन र प्रतिनिधिहरूको सहभागिता थियो ।

सो अवसरमा विभागका निर्देशक रञ्जना पौडेलले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभयो भने सहायक निर्देशक सुप्रिमा पौडेलले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

यसै गरी, बैंक सुपरिवेक्षण विभागले जेठ २८ गते काठमाडौंमा सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणका सम्बन्धका अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

कार्यक्रममा बैंक सुपरिवेक्षण विभाग, वित्तीय संस्था सुपरिवेक्षण विभागका उच्च अधिकारीसँगै वित्तीय जानकारी इकाइ, बैंकर्स एसोसिएसन, वाणिज्य बैंक, विकास बैंक, वित्त कम्पनी र पूर्वाधार विकास बैंकका प्रतिनिधिको सहभागिता थियो ।

सो अवसरमा विभागका उप-निर्देशक रमेशप्रसाद पराजुलीले सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणका सन्दर्भमा कार्यपत्र प्रस्तुत गर्दै यससम्बन्धी सुपरिवेक्षणका सैद्धान्तिक पक्ष र सुपरिवेक्षणका क्रममा भेटिएका कैफियतबारे जानकारी दिनुभयो ।

कार्यक्रममा बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक देवकुमार ढकालले सम्पत्ति शुद्धीकरण निवारण र आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणका लागि राष्ट्र बैंक सजग रहेको स्पष्ट पार्नुभयो । वित्तीय संस्था सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक विश्रुत थापाले सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणका लागि नियामक निकाय, सुपरिवेक्षकीय निकाय र बैंक तथा वित्तीय संस्थाबीच समन्वय हुनुपर्ने आवश्यकता औँल्याउनुभयो । कार्यक्रममा विभागका कार्यकारी निर्देशक ढकालसँगै निर्देशक देवेन्द्र गौतमले सहभागीका जिज्ञासाको जवाफ दिनुभएको थियो ।




सो अवसरमा विभागका उप-निर्देशक शिखा अधिकारीले स्वागत मन्तव्यसहित कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने सहायक निर्देशक सुजल ढुङ्गानाले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# वीरगञ्जमा समसामयिक बैंकिङ तथा आर्थिक गतिविधिसम्बन्धी अन्तरक्रिया

वीरगञ्ज कार्यालयले जेठ २९ गते वीरगञ्जमा 'समसामयिक बैंकिङ तथा आर्थिक गतिविधि' विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

गभर्नर महाप्रसाद अधिकारीको उपस्थितिमा कार्यालयले उक्त कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा गभर्नर अधिकारीले कोभिड संक्रमण, रुस-युक्रेनबीचको द्वन्द्व र अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्यवृद्धिको असर नेपालमा पनि देखिएका कारण अर्थतन्त्रमा असहज अवस्था देखिएको जानकारी दिनुभयो । तरलताको सहजतासँगै ब्याजदर पनि घट्दो क्रममा रहेकाले केही समय धैर्य गर्न उद्योगी व्यवसायीलाई उहाँले आग्रह गर्नुभयो । नेपाल सरकार र राष्ट्र बैंकबाट लिइएका नीतिगत सजगताका कारण बाह्य क्षेत्रमा देखिएको सङ्कटबाट मुलुक जोगिएको गभर्नर अधिकारीको धारणा थियो । कार्यक्रममा सहभागीहरूबाट चालु पुँजी कर्जासम्बन्धी मार्गदर्शन, तरलताको स्थिति, ब्याजदर, मुद्रास्फीतिलगायतका




विषयमा जिज्ञासा राखिएको थियो ।

कार्यक्रममा वीरगञ्ज कार्यालयका निर्देशक अजित रेग्मीले मुलुकको वर्तमान आर्थिक तथा वित्तीय स्थितिसम्बन्धी आँकडा र उप-निर्देशक मिलादेवी बाराहीले मौद्रिक नीति २०७९/८० र सोको त्रैमासिक समीक्षाका सन्दर्भमा वार्ता प्रस्तुत गर्नुभयो । कार्यक्रममा गभर्नरको कार्यालयका निर्देशक मुक्तिनाथ सापकोटासँगै वीरगञ्ज उद्योग वाणिज्य संघ, बैंक तथा वित्तीय संस्था, सहकारी संस्था, मनिचेञ्जरका प्रतिनिधि, उद्यमी, सञ्चारकर्मीलगायत ८० जनाको सहभागिता थियो ।

सो अवसरमा उप-निर्देशक रचना शर्मा पराजुलीले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नुभयो भने सहायक निर्देशक नरेशकुमार सर्राफले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# इलेक्ट्रोनिक चेक क्लियरिङ र अन्तरबैंक भुक्तानीसम्बन्धी अन्तरक्रिया

बैंकिङ विभागको आयोजनामा असार १५ गते काठमाडौंमा इलेक्ट्रोनिक चेक क्लियरिङ (ईसीसी) र अन्तरबैंक भुक्तानी प्रणाली (आईपीएस) सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

विभागका कार्यकारी निर्देशक दयाराम शर्मा पंगेनीको उपस्थितिमा आयोजित कार्यक्रममा बैंकिङ विभाग, वित्त व्यवस्थापन विभाग, मुद्रा व्यवस्थापन विभाग, भुक्तानी प्रणाली विभाग, वित्तीय जानकारी इकाई, प्रदेशस्थित कार्यालय र इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाका ५८ जना कर्मचारीको सहभागिता थियो ।




कार्यक्रममा विभागका कार्यकारी निर्देशक दयाराम शर्मा पंगेनीले इलेक्ट्रोनिक चेक क्लियरिङ तथा अन्तरबैंक भुक्तानी प्रणालीको औचित्य र महत्वबारे उल्लेख गर्दै नेपाल क्लियरिङ हाउस लिमिटेडद्वारा सञ्चालित विभिन्न विद्युतीय माध्यममार्फत आन्तरिक भुक्तानी प्रणालीमा उल्लेख्य योगदान पुगेको चर्चा गर्नुभयो । यस किसिमका अन्तरक्रिया कार्यक्रमबाट ईसीसी र आईपीएस सञ्चालनमा देखिएका समस्याको समाधानमा टेवा पुग्ने र बैंक तथा वित्तीय संस्थाका कामकारबाही प्रभावकारी हुने विश्वास उहाँले व्यक्त गर्नुभयो ।

सो अवसरमा विभागका उप-निर्देशक सुवोधमान श्रेष्ठ र सहायक निर्देशक रेनिशा अधिकारीले 'इलेक्ट्रोनिक चेक क्लियरिङ तथा अन्तरबैंक भुक्तानी प्रणाली र नेपाल राष्ट्र बैंकको भूमिका' विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो । नेपाल क्लियरिङ हाउस लिमिटेडका हेड अपरेसन्स सोभित शर्माले 'डिजिटल बैंकिङमा नेपाल क्लियरिङ हाउस लिमिटेडको भूमिका, समस्या पहिचान र समाधानहरू' विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो ।

सो कार्यक्रममा बैंकिङ विभागका निर्देशक निरा ताल्चाभडेलले स्वागत मन्तव्य राख्नुभयो भने विभागका सहायक निर्देशक प्रलिसा जोशीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# जनकपुरमा जोखिममा आधारित आन्तरिक लेखापरीक्षणसम्बन्धी अनुशिक्षण




आन्तरिक लेखापरीक्षण विभागले असार ८ गते जनकपुरमा जोखिममा आधारित आन्तरिक लेखापरीक्षणसम्बन्धी अनुशिक्षण कार्यक्रम आयोजना गऱ्यो ।

कार्यक्रममा विभागका सहायक निर्देशकद्वय प्रदीपनारायण सिंह र एन्जिला घिमिरेले क्रमशः 'Overview of Risk Based Internal Audit / 'Three Lines of Defense Audit Planning, Strategy and Reporting' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो ।

सो अवसरमा विभागका कार्यकारी निर्देशक विमलराज खनालले आन्तरिक लेखापरीक्षणको औचित्यबारे चर्चा गर्दै आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन सबै कर्मचारीको दायित्व रहने र नीति, निर्देशन/परिपत्रको पालना गर्नुपर्नेमा जोड दिनुभयो । निर्देशक डिलाराम सुवेदीले कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्दै आन्तरिक लेखापरीक्षणमा औंल्याइएको जनकपुर कार्यालयको कैफियतका सम्बन्धमा जानकारी दिनुभयो ।

कार्यक्रममा जनकपुर कार्यालयका निर्देशक अशोक घिमिरेले स्वागत मन्तव्य राख्नुभयो भने आन्तरिक लेखापरीक्षण विभागका उप-निर्देशक दीपेन्द्रप्रसाद पोखरेलले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# दिपायलमा नगद कारोबारसम्बन्धी अनुशिक्षण




धनगढी कार्यालयले असार २३ गते डोटीको दिपायलमा 'नगद कारोबार तथा नगद व्यवस्थापनमा देखिएका समस्या, चुनौती र सोको समाधान' विषयक अनुशिक्षण कार्यक्रम आयोजना गऱ्यो ।

कार्यालयका निर्देशक विनोदराज लेखकको अध्यक्षतामा आयोजित कार्यक्रममा डोटी र डडेल्धुरास्थित बैंक तथा वित्तीय संस्थाका कर्मचारीको सहभागिता थियो । सो अवसरमा कार्यालयका सहायक निर्देशक भोला रावलले नगद कारोबार र नगद व्यवस्थापनका सम्बन्धमा वार्ता प्रस्तुत गर्नुभयो । कार्यक्रममा कार्यालयका उप-निर्देशक अस्मिता गोर्खालीले स्वागत मन्तव्य राख्नुभयो भने सहायक निर्देशक डम्बरदत्त भट्टले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# एकीकृत निर्देशनसम्बन्धी अन्तरक्रिया




नेपाल राष्ट्र बैंकका विभिन्न विभागद्वारा जारी भएका नीतिगत निर्देशन र परिपत्रका व्यवस्थाका सम्बन्धमा बैंक सुपरिवेक्षण विभागले असार १३ गते एक अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।

बैंक तथा वित्तीय संस्था नियमन विभाग, विदेशी विनिमय व्यवस्थापन विभाग र भुक्तानी प्रणाली विभागबाट जारी भएका एकीकृत निर्देशन तथा परिपत्रमा उल्लिखित व्यवस्थालाई कार्यान्वयन गर्ने र सुपरिवेक्षणमा एकरूपता कायम गर्ने सन्दर्भमा विभागले उक्त कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा विभागका कर्मचारीहरूको सहभागिता थियो ।

सो अवसरमा बैंक तथा वित्तीय संस्था नियमन विभागका निर्देशक डा. सत्येद्र तिमिल्सिनाले 'क', 'ख' र 'ग' वर्गका इजाजतपत्रप्राप्त संस्थालाई जारी गरिएको एकीकृत निर्देशन, २०७९ का मुख्य व्यवस्थाका सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभयो । यसै गरी, विदेशी विनिमय व्यवस्थापन विभागका निर्देशक निश्चल अधिकारीले विभागद्वारा जारी एकीकृत परिपत्र र भुक्तानी प्रणाली विभागका निर्देशक नीभा श्रेष्ठले विभागद्वारा जारी एकीकृत निर्देशनका सम्बन्धमा वार्ता प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा एकीकृत निर्देशन, २०७९ को निर्देशन नं. २ र ३ मा भएका व्यवस्थाका बारेमा विभागका उप-निर्देशकद्वय विवेक कोइराला र इन्द्रत्रिविक्रम पहारीले संयुक्त रूपमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । यसै गरी, विभागका कार्यकारी निर्देशक देवकुमार ढकालले 'चालु पुँजी कर्जा मार्गदर्शन, २०७९' मा भएका मुख्य व्यवस्था र सोको कार्यान्वयनका क्रममा देखिएका समस्याका विषयमा जानकारी दिनुभयो ।

विभागका निर्देशक रोशनकुमार सिग्देलले स्वागत मन्तव्य राख्नुभयो भने सहायक निर्देशक रोजी थापा मगरले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# बर्दिबासमा सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी अन्तरक्रिया



जनकपुर कार्यालयले असार ११ गते महोत्तरीको बर्दिवासमा सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणसम्बन्धी अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।

वित्तीय जानकारी इकाइको समन्वयमा कार्यालयले उक्त कार्यक्रम आयोजना गरेको हो । कार्यालयका निर्देशक अशोक घिमिरेको अध्यक्षतामा आयोजित कार्यक्रममा महोत्तरी, धनुषा र सिराहा जिल्लास्थित विभिन्न बैंक तथा वित्तीय संस्था, सहकारी संस्था, मनिचेञ्जर र अन्य सरोकारवाला निकायका प्रतिनिधिसहित ५४ जनाको सहभागिता थियो ।

कार्यक्रममा वित्तीय जानकारी इकाइका उप-निर्देशक विष्णुप्रसाद गुरागाईंले 'An Overview of AML/CFT Regime of Nepal' विषयमा कार्यपत्र प्रस्तुत गर्दै सम्पत्ति शुद्धीकरण निवारण ऐन-२०६४ को व्यवस्था, शुद्धीकरण गरिने प्रक्रिया, आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रण, ग्राहक पहिचान, सूचक संस्थाको दायित्व, गो-एएमएल प्रणालीको कार्यान्वयन अवस्थालगायतका विषयमा जानकारी दिनुभयो ।

यसै गरी, सहायक निर्देशक राजन प्रजापतिले 'AML/CFT: Reporting Perspective' विषयमा केन्द्रित रहेर वार्ता प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँले भ्रष्टाचार र कर छली, हुण्डी, सीमा वा शङ्कास्पद कारोबारको रिपोर्टिङजस्ता विषयमाथि प्रकाश पार्नुभयो । कार्यक्रममा निर्देशक अशोक घिमिरेले समापन मन्तव्य राख्दै सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणमा सूचक संस्थाको दायित्वबारे चर्चा गर्नुभयो ।

जनकपुर कार्यालयका उप-निर्देशक रमेशकुमार कटुवालले सम्पत्ति शुद्धीकरण निवारण र आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणका सन्दर्भमा नेपालको संरचना र कानुनी व्यवस्थाबारे प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभयो भने सहायक निर्देशक राधेश्याम साहले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# प्रदेशस्थित कार्यालयहरूमा समसामयिक विषयमा अन्तरक्रिया

सुर्खेत कार्यालयले असार ७ गते सुर्खेतको वीरेन्द्रनगरमा समसामयिक आर्थिक तथा बैंकिङ विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।

वाणिज्य बैंकका प्रदेश प्रमुख र वीरेन्द्रनगरस्थित वाणिज्य बैंकका शाखा प्रमुखहरूको सहभागितामा कार्यालयले उक्त कार्यक्रम आयोजना गरेको हो । सो अवसरमा नेपालगञ्ज कार्यालयका निर्देशक गिरिजाप्रसाद कोइरालाले नोटकोष सञ्चालन, सफा नोट नीति, जाली नोट र भुत्रा नोट व्यवस्थापनका सन्दर्भमा सहभागीका जिज्ञासाको जवाफ दिँदै सो सम्बन्धमा राष्ट्र बैंकबाट जारी भएका नीतिगत व्यवस्थालाई कार्यान्वयन गर्न आग्रह गर्नुभयो ।

कार्यक्रममा सुर्खेत कार्यालयका प्रमुख बाबुराम कोइरालाले देशको वर्तमान आर्थिक तथा वित्तीय स्थितिबारे जानकारी दिनुभयो । सो अवसरमा सहभागीहरूबीच नोटकोष सञ्चालन, सफा नोट नीतिको कार्यान्वयन, कर्जाको गुणस्तर, निक्षेपको अवस्था, वित्तीय साक्षरता र ग्राहकका गुनासो सुनुवाइलगायतका विषयमा छलफल भएको थियो । कार्यालयका सहायक निर्देशक रमेश पंगेनीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।





यसै गरी, नेपालगञ्ज कार्यालयले असार ८ गते समसामयिक बैंकिङ विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो । निर्देशक गिरिजाप्रसाद कोइरालाको संयोजकत्वमा आयोजित कार्यक्रममा बैंक तथा वित्तीय संस्थाका कर्मचारीको सहभागिता थियो । सो अवसरमा शङ्कास्पद तथा जाली नोटको कारोबार, बजारमा भारतीय मुद्रा आपूर्तिको अवस्था र सफा नोट नीति कार्यान्वयनका विषयमा छलफल भएको थियो । कार्यक्रममा निर्देशक कोइरालाले समापन मन्तव्य राख्दै सहभागीका जिज्ञासाको जवाफ दिनुभयो ।

कार्यक्रममा कार्यालयका उप-निर्देशक रामकुमार कार्कीले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभयो भने प्रधान सहायक विष्णुबहादुर केसीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

विराटनगर कार्यालयले असार १३ गते कोशी प्रदेशस्थित वाणिज्य बैंक र विकास बैंकका विराटनगर शाखाका प्रमुखहरूसँग समसामयिक विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।

कार्यक्रममा कार्यालयका उप-निर्देशक कर्ता श्रेष्ठले भुक्तानीको निम्ति प्राप्त हुने चेक र दाखिला हुन आउने नोटमा हुने त्रुटि, विदेशी मुद्रा कारोबारका समस्या, जाली नोट कारोबारलगायतका विषयमा जानकारी दिनुभयो । सो अवसरमा बैंक तथा वित्तीय संस्थाका शाखा प्रमुखको तर्फबाट कर्जा असुली र वित्तीय कारोबारमा रहेका समस्याबारे जानकारी गराइएको थियो ।

कार्यक्रममा विराटनगर कार्यालयका निर्देशक इन्द्रा चम्लागाई मैनालीले सहभागीको जिज्ञासको जवाफ दिँदै राष्ट्र बैंकबाट जारी भएका नीतिगत निर्देशनको पालना गर्न बैंक तथा वित्तीय संस्थाको ध्यानाकर्षण गराउनुभयो ।

सो अवसरमा कार्यालयका उप-निर्देशक मनोज गुरुङले स्वागत मन्तव्य राख्दै कार्यक्रमको औचित्यमाथि प्रकाश पार्नुभयो भने प्रधान सहायक मोहन योङहाङले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■



# नेपालको विनिमय दर प्रद्धतिको समीक्षा



सिद्धराज भट्ट
उप-निर्देशक

विदेशी विनिमय नीति मुलुकको बृहत् आर्थिक नीतिमध्येको एक महत्वपूर्ण नीति हो जसले मुलुकको प्रतिस्पर्धात्मक क्षमता कायम राख्दै उत्पादन तथा रोजगारी अभिवृद्धिमा सहयोग पु¥याउने, बाह्य क्षेत्र स्थायित्व कायम राख्ने र अर्थतन्त्रलाई बाह्य जोखिमबाट बचाउने नीतिगत उपायकोकाम गर्दछ। यसैकारण सबैजसो मुलुकले आफ्नो आर्थिक अवस्था रअर्थतन्त्रको संरचनासँग तादात्म्य हुनेगरी विदेशी विनिमय नीति अवलम्बन गरेका हुन्छन्। सोहीअनुरूप नेपालले समेत विनिमय दर पद्धतिमा समयसमयमा आवश्यक पुनरावलोकन गर्दै आएको छ।

## विनियम दर पद्धतिको छनोट

विनिमय दर पद्धतिको छनोट व्यापारको खुलापन, वित्तीय प्रवाहको अवस्था, उत्पादन तथा निर्यातको संरचना, मूल्यवृद्धिको ऐतिहासिक पृष्ठभूमि, बाह्य क्षेत्रबाट उत्पन्न हुने जोखिमको प्रकृति र नीति निर्माणकर्ताको 'ट्रेडअफ'मा भर पर्दछ। विश्वका करिब एक तिहाइ मुलुकले लचिलो विनिमय दर पद्धति अवलम्बन गरेतापनि अझै ६० प्रतिशत मुलुकले कुनै न कुनै प्रकारको स्थिर विनिमय दर पद्धति कायम राखेका छन्।

नेपालमा सन् १९३२ भन्दा अघि भारतीय मुद्रासँग भा.रु.१०० को ने.रु.१२८ मा स्थिर विमिमय दर पद्धति रहेकोमा सन् १९३२ मा प्रधानमन्त्री जुद्धशमशेर राणाले परिवर्तनशील पद्धति अँगालेका थिए। उक्त परिवर्तनपछि विनिमय दरमा ठूलो उतारचढाव आएको थियो। उदाहरणका लागि सन् १९३९ मा नेपाली मुद्रा कमजोर भई रु.१४८ सम्म पुगेकोमा सन् १९४३ मा ४६ मा झरेको थियो भने तत्पश्चात् पुनः कमजोर भई सन् १९५५ मा १७७ सम्म पुगेको थियो। यसको पछाडि दोस्रो विश्वयुद्धसँगै पाउण्ड स्टरलिङ तथा भारतीय मुद्रामा घटेको जनविश्वास, सदर मुलुकीखानाबाट नोट छाप्न सुरु गरेपछि नेपालमा मुद्राप्रदायमा भएको वृद्धि तथा सन् १९४७ ताका नेपालले गरेको उच्च आयात प्रमुख कारण थिए।

नेपाल राष्ट्र बैंकको स्थापनापछि द्वय मुद्रा प्रणालीअन्त्य गर्नका लागि राष्ट्र बैंकले भारतीय मुद्रा निश्चित दरमा बिक्री गर्न सुरु गरे तापनि बजारले निर्धारण गर्ने विनिमय दरमा रहेको उतारचढाव भने पूर्णत नियन्त्रण हुन सकेन। बजारबाट निर्धारित विनिमय दर सन् १९५७ मा १३५ रहेकोमा सन् १९५८ मा १७१ सम्म पुग्यो। यस्तो अस्थिरताका कारण नेपाल सरकारले सन् १९६० अप्रिलमा नेपाली मुद्रालाई रु.१६० मा भारतीय मुद्रासँग पेग गर्ने निर्णय लियो र भारतीय मुद्रा असीमित रूपमा साट्न सकिने व्यवस्था ग¥यो। उक्तनिर्णयपछि नेपालले विभिन्न समयमा भारतीय मुद्रासँगको पेगमापरिवर्तन गर्दै आएको छ।सन् १९६० देखि१९९३ सम्म आइपुग्दा पेगलाई आठपटक परिवर्तन गरिएको

छ। सन् १९६६ मा भारतीय मुद्रा अमेरिकी डलरसँग उल्लेख्य मात्रामा अवमूल्यन भएका कारण नेपाली मुद्राको विनिमयदर रु.१०१ पु¥याइएको थियो। भारतीय मुद्राको सञ्चितिउल्लेख्य छ भनेर गरिएको यो पुनरावलोकन मुलुकले चाहिँलामो समय थेग्न सकेन। सन् १९६५ देखि१९६७ सम्म नेपालसँग रहेको भारतीय मुद्राको सञ्चिति करिब ७२ प्रतिशतले घट्न गयो। त्यसपछिविनिमय दरमा पुनः परिवर्तन गरी १३५ कायम गरिएको थियो। यसैगरी, सन् १९७१ मा ब्रेटनउड्स सम्झौताको समाप्ति र त्यसयताका अवधिमा अमेरिकी डलरको विभिन्न मुद्रासँगको अवमूल्यन, सन् १९८० को दशकमा नेपालको बाह्य क्षेत्रको उच्च घाटालगायतका कारणबाट नेपाली मुद्राको भारतीय मुद्रासँगको विनिमय दर रु.१७० सम्म पु¥याइएको थियो। तत्श्चात विनिमयदरमा तीनपटक पुनरावलोकन भएकोमा सन् १९९३ यता रु.१६० मा स्थिर राखिएको छ।

## नेपालको लागि विनिमय दर पद्धतिका विकल्प

साना र खुला अर्थतन्त्र भएका मुलुकका लागि अर्थशास्त्रीय सिद्धान्तले स्थिर विनिमय दर प्रणाली उपयुक्त हुने तर्क राख्दछन्। यस सम्बन्धमा सबैभन्दा बढी प्रचलित रबर्ट मण्डेलको अप्टिमम करेन्सी एरिया सिद्धान्तले विनिमय दर पद्धतिलाई मुलुकको व्यापार खुलापन, उत्पादनका साधनको गतिशीलता, व्यापार विविधीकरण, वित्तीय कारोबारको सघनतालगायतका आधारमा निर्धारण गर्नुपर्ने तर्क राखेका छ। तीमध्ये सबैजसो तर्कहरू नेपालको हकमा पूरा हुन जान्छन्।

(क) नेपालको व्यापार खुलापन वृद्धि हुँदै गएको छ।

(ख) नेपालको भारतसँगको व्यापार हिस्सा उल्लेख्य छ। कुल व्यापारमा भारतसँगको व्यापारअंश ६० प्रतिशतभन्दा माथि छ।

(ग) नेपाल तथा भारतको बीचमा श्रमको उच्च गतिशीलता छ।


यो सिद्धान्तका अतिरिक्त राज्यमाथि नागरिकको विश्वास र राजनीतिक पक्षहरू, मुलुकमा उत्पन्न हुने विभिन्न जोखिमको स्रोत (मौद्रिक वा बाह्य), आर्थिक उतारचढावको व्यापार साझेदार मुलुकसँगको तादात्म्य, मुलुकमा विद्यमान संरचनात्मक जटिलतालगायतले पनि विनिमय दर पद्धतिको निर्धारणमा भूमिका खेल्दछन्।

व्यापार तथा श्रम गतिशीलताकोअहिलेको संरचना र प्रवृत्ति कायम रहन्जेल सैद्धान्तिक रूपमा हेर्दा नेपालका लागि स्थिर विनिमय दर पद्धति नै उपयुक्तहुने देखिन्छ। यसबाहेक खुला सिमाना, मुद्रा र पुँजीबजारको पूर्ण विकास नभएको अवस्था, बढ्दो व्यापार घाटाजस्ता व्यावहारिक कठिनाइसमेत विद्यमान छन्। यसबाट दीर्घकालमा नेपालसँग केही लचिलो विनिमय दर पद्धति अवलम्बन गर्न उपयुक्त हुने विकल्प भएतापनि अल्पकालका लागि पेग दर नै कायम राख्न उचित देखिन्छ।

विनिमय दरका सम्बन्धमा छलफलमा आउने गरेको अर्को पक्ष भारतीय मुद्रासँगको पेगस्तर परिवर्तन गर्ने कि ! भन्ने हो। सामन्यतया पेग अवलम्बन गर्ने मुलुकले आफ्नो प्रतिस्पर्धात्मक क्षमता कायम राख्नका लागि समयसमयमा पेगस्तर परिवर्तन गर्दछन्। नेपालको सन्दर्भमा हेर्दा विगत ३० वर्षयता भारतीय मुद्रासँगको पेग दर परिवर्तन नगरिएका कारण नेपालको बाह्य क्षेत्र घाटा विस्तार हुँदै गइरहेको तर्क उठ्ने गरेको छ। अमेरिकी डलरसँगको दर अवमूल्यन भएका कारण नोमिनल विनिमय दर सूचकाङ्का आधारमा नेपाली मुद्रा कमजोर हुँदै गएतापनि विकसित मुलुकको तुलनामा नेपालमा मूल्यवृद्धि बढी भएका कारण यथार्थ विनिमय दर भने अधिमूल्यन हुँदै गएको

छ। अन्तर्राष्ट्रिय मुद्राकोषले आफ्ना 'आर्टिकल फोर' प्रतिवेदनहरूमा नेपालको यथार्थ विनिमय दर २० प्रतिशत हाराहारीमा अधिमूल्यन भएको निष्कर्ष निकाल्दै आएको छ।

Revision of Peg with Indian Currency




यति हुदाँहुदै पनि पेगको स्तर परिवर्तन गर्दा त्यसले अल्पकालमा दिने लाभ तथा उत्पन्न हुनसक्ने प्रतिकुल असरलाई व्यवस्थापन गर्ने क्षमता तथा दीर्घकालमा पेग परिवर्तनले दिनसक्ने लाभको उपयोग गर्ने योजना उत्तिकै महत्वपूर्ण छ ।अवमूल्यनले उत्पादन र खर्च विदेशी वस्तुबाट स्वदेशी वस्तुमा स्थानान्तरण गर्न सकेन भने यसले अर्थतन्त्रलाई अल्पकालमा थप समस्यामा लैजाने जोखिम रहन्छ । यसैगरी,मुलुकले उल्लेख्य मात्रामा कच्चा पदार्थ र उपभोग्य वस्तु आयात गरिरहेको छ भने अवमूल्यनबाट अल्पकालमा मुद्रास्फीतीय दबाब झेल्नुपर्ने हुन्छ । कतिपय अध्ययनले अवमूल्यनभन्दा पनि उत्पादकत्वमा भएको सुधारर संरचनात्मक जटिलताले निर्यात वृद्धिमा बढी भूमिका खेल्ने तर्क राखेका छन् ।

अवमूल्यनबाट लाभलिनका लागि देहायबमोजिमका सर्तहरूपूरा हुनुपर्दछ : पहिलो, विनिमय दरमा गरिने परिवर्तनले यथार्थ विनिमय दरमा अवमूल्यन ल्याउनसक्ने आकारको हुनुपर्दछ । नेपालको हकमा यथार्थ विमिमय दर नै करिब २० प्रतिशतले अधिमूल्यन भइसकेको अवस्थामा पेगको स्तर परिवर्तन गर्ने नै हो भने भारतीय मुद्रासँगको पेगमा उलेख्य रूपमा अवमूल्यन गर्नुपर्ने देखिन्छ ।

दोस्रो, निर्यात तथा आयात बजार विनिमय दरमा हुने परिवर्तनसँग संवेदनशील हुनुपर्दछ अर्थात् विनिमय दर अवमूल्यन हुँदा निर्यात वृद्धि हुने र आयात कटौती हुने अवस्था हुनुपर्दछ । यसलाई अर्थशास्त्रीय भाषामा 'मार्शल लर्नर सर्त' भनिन्छ । यो सर्त पूरा नभएको अवस्थामा अवमूल्यनले आयातलाई प्रतिस्थापन गर्न सक्दैन । विभिन्न अध्ययनले विकासोन्मुख मुलुकहरूमा आयात र निर्यातको विनिमय दरसँगको लोच न्यून रहेको देखाएका छन् । उदाहरणका लागि सन् १९८८ मा २८ वटा विकासोन्मुख मुलुकमा गरिएको अध्ययनले त्यस्तो लोच ०.५७ मात्र रहेको देखाएको छ । जसको अर्थ अवमूल्यनले तत्काल धेरै लाभ प्रदान गर्न सक्दैन भन्ने हो । नेपालको हकमा समेत निर्यात तथा आयातको यथार्थ विनिमय दरसँगको दीर्घकालीन लोच एकाइभन्दा बढी रहेतापनि अल्पकालीन लोच भने एकाइभन्दा कम नै रहेको देखिन्छ । यसले विनिमयदरमा गरिने परिवर्तनले अल्पकालमा खासै फाइदा नहुने तर दीर्घकालमा भने व्यापार घाटामा सुधार ल्याउनसक्ने सम्भावनाऔंल्याएको छ । यसका लागि निर्यात क्षमता विस्तार गर्ने र आयातित वस्तुको प्रतिस्थापनका लागि पर्याप्त आधार तयार पार्नुपर्ने देखिन्छ ।

तेस्रो, अवमूल्यनबाट उत्पन्न हुने अल्पकालीन मुद्रास्फीतीय दबाबसँग लड्नका लागि केन्द्रीय बैंक र सरकार पूर्ण रूपमा तयार हुनुपर्दछ र त्यसका लागि उनीहरूसँग पर्याप्त उपकरण आवश्यक पर्दछ । विभिन्न अध्ययनले अवमूल्यनपश्चात् साना अर्थतन्त्रभएका मुलुकमा अल्पकालमा मुल्यवृद्धि सातदेखि १६ प्रतिशत विन्दुसम्मले वृद्धि हुने तर्क राखेका छन् । यसले एकातर्फ आर्थिक गतविधिमा सङ्कुचन ल्याउने हुन्छ भने अर्कोतर्फ मूल्यवृद्धिका कारण यथार्थ विनिमय दर अधिमूल्यन हुन गई अवमूल्यनको प्रभावकारिता कमजोर हुन जान्छ । यस्तो मूल्यवृद्धिबाट आर्थिक वृद्धिमा देखा पर्नसक्ने सङ्कुचनबाट जोगिनका लागि सरकार र केन्द्रीय बैंक मूल्यवृद्धि नियन्त्रणका लागि कटिबद्ध रहनुपर्ने हुन्छ ।

चौथो, अवमूल्यन गर्ने मुलुकका लागि पेगको नयाँ स्तर थेग्नपर्याप्त मात्रामा विदेशी विनिमय सञ्चिति हुनुपर्दछ । मुलुकको मुद्रा कमजोर हुँदा बाह्य सञ्चितिमा दबाब पर्ने सम्भावना रहने भएकाले उक्त दबाब व्यवस्थापनका लागि पर्याप्त मात्रामा सञ्चिति हुनुपर्दछ । पाँचौं, बाह्य क्षेत्र अवमूल्यनसँगै आन्तरिक अवमूल्यनलाई समेत साथै लैजानुपर्दछ । आन्तरिक अवमूल्यनभित्र मुलुकको संरचनात्मक जटिलताको समाधान र उत्पादकत्व वृद्धिमार्फत वस्तु तथा सेवाको उत्पादन लागत घटाउने तथा उत्पादन क्षमता वृद्धि गर्ने कार्य पर्दछन् । यसो गरिएन भने अवमूल्यनको प्रभाव एकदमै न्यून रहने विभिन्न अध्ययनले देखाएका छन् ।

## निष्कर्ष

विनिमय दर पद्धतिको छनोट मुलुकको प्रतिस्पर्धात्मक क्षमता कायम राख्न र बाह्य क्षेत्र स्थायित्व कायम राख्नका लागि एक महत्वपूर्णनीतिगत छनोट हो । नेपालले लामो समयदेखि भारतसँग स्थिर विनिमय दर पद्धति कायम गरिरहेको छ भने बेलाबखतमा पेगको स्तरमा परिवर्तन पनि गर्दै आएको छ । विनिमय दर अवमूल्यनबाट अपेक्षित लाभ लिनका लागि नेपालले आन्तरिक अवमूल्यनमा पर्याप्त ध्यान दिन सकेको छैन । तसर्थ, आयात र निर्यात बजारलाई विनिमय दरमा हुने परिवर्तनसँग संवेदनशील बनाई बेलाबखतमा गरिने विनिमय दर पुनरावलोकनबाट लाभ लिनका लागि मुलुकले पहिला संरचनात्मक जटिलताको समाधान गर्दै उत्पादकत्व वृद्धिमार्फत आन्तरिक अवमूल्यन गर्नुपर्ने देखिन्छ । ■

# पर्यटन क्षेत्रको वर्तमान अवस्था र चुनौती



लालकुमार सुवेदी
प्रधान सहायक

२० लाख पर्यटक भित्र्याउने लक्ष्यका साथ सरकारले सन् २०२० लाई 'नेपाल भ्रमण वर्ष'को रूपमा मनाउने घोषणा गऱ्यो । भव्य उद्घाटनका बीच १ जनवरी २०२० मा भ्रमण वर्ष प्रारम्भ पनि भयो । भ्रमण वर्षको सुरुको दुई महिना पर्यटक आगमनको स्थिति सन्तोषजनक नै थियो । तर मार्च महिनामा उच्च गिरावट देखिएको पर्यटक आगमन अप्रिलदेखि ठप्प हुन पुग्यो । जसको एउटै कारण थियो, विश्वव्यापी महामारीको रूपमा फैलिएको 'कोभिड-१९' ।

परिणामतः सन् २०२० मा नेपाल आउने पर्यटकको संख्या ८०.७ प्रतिशतले घटेर दुई लाख ३० हजारमा झऱ्यो भने सन् २०२१ मा कोभिड महामारी उत्कर्षमा पुगेसँगै यो संख्या करिब एक लाख ५१ हजारमा सीमित रह्यो । यो अवधि नेपालको पर्यटन उद्योगका निम्ति अत्यन्त कष्टकर रह्यो । समग्र पर्यटन व्यवसाय शिथिल बन्न पुग्यो भने पर्यटन क्षेत्रबाट प्राप्त हुने आम्दानीमा पनि उच्च गिरावट आयो । आ.व. २०७७/७८ र २०७८/७९ मा यस्तो आय क्रमशः रु.सात अर्ब २६ करोड र ३२ अर्ब ४४ करोडमा सीमित रह्यो । जबकि आ.व.२०७५/७६ र २०७६/७७ मा यस्तो आय क्रमशः रु.७५ अर्ब ३७ करोड र ६० अर्ब ८८ करोड थियो ।

कोभिड संक्रमणको दर घट्न थालेपछि सन् २०२२ को चौथो महिनापछि पर्यटक आगमनमा सुधार देखिन थाल्यो । यस वर्ष छ लाख १४ हजारभन्दा बढी पर्यटकले नेपाल भ्रमण गरेको पर्यटन मन्त्रालयको आँकडाले देखाउँछ । सन् २०२३ मा नेपालको पर्यटक आगमनमा उत्साहजनक सुधार देखिएको छ । गत जुन महिनासम्म हवाई मार्ग हुँदै चार लाख ७६ हजार ३८१ पर्यटक नेपाल भ्रमणमा आएका छन् । जुन अघिल्लो वर्षको यसै अवधिको तुलनामा ९७ प्रतिशत बढी हो । नेपाल राष्ट्र बैंकका अनुसार आ.व.२०७९/८० को पहिलो ११ महिनामा पर्यटन क्षेत्रबाट रु.५८ अर्बभन्दा बढी आम्दानी भएको छ । यो रकम अघिल्लो वर्षको तुलनामा ९४ प्रतिशतले बढी हो । पर्यटक आगमन र आम्दानीलाई दृष्टिगत गर्दा नेपालको पर्यटन उद्योग कोभिडपूर्वको अवस्थामा पुगेको आँकलन गर्न थालिएको छ ।

**नेपालमा पर्यटक आगमन**

| वर्ष (सन्) | पर्यटकको संख्या | वार्षिक वृद्धिदर (%) |
|---|---|---|
| २०१४ | ७,९०,११८ | -०.९ |
| २०१५ | ५,३८,९७० | -३१.० |
| २०१६ | ७,५३,००२ | ४०.० |
| २०१७ | ९,४०,२१८ | २५.० |
| २०१८ | ११,७३,०७२ | २५.० |
| २०१९ | ११,९७,१९१ | २.०५ |
| २०२० | २,३०,०८५ | -८०.७ |
| २०२१ | १,५०,९६२ | -३४.३ |
| २०२२ | ६,१४,८६९ | ३०७.३ |
| २०२३* | ४,७६,४८१# | ९७.२ |

*सन् २०२३ जुन महिनासम्मको तथ्याङ्कमा आधारित
# हवाईमार्गहुँदै आउने पर्यटकको संख्या
*स्रोतः पर्यटन मन्त्रालय*

सन् २०१९ मा ११ लाख ९७ हजारभन्दा बढी विदेशी पर्यटक नेपाल भित्रिएका थिए । वार्षिक पर्यटक आगमनमा यो अहिलेसम्मकै उच्च संख्या हो । आ.व.२०८०/८१ को बजेटमा सन् २०२३ मा नेपाल भ्रमण गर्ने विदेशी पर्यटकको संख्या १० लाख पुऱ्याउने लक्ष्य राखिएको छ । छ महिनाको आँकडालाई हेर्दा बजेटले निर्दिष्ट गरेको लक्ष्यमा पुग्न असम्भव देखिँदैन ।


## सम्भावना र अवसर

प्राकृतिक, धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक सम्पदाको दृष्टिले विश्व मानचित्रमा नेपाल आकर्षक पर्यटकीय गन्तव्यको रूपमा परिचित छ । यसबाहेक पर्वतीय (पर्वतारोहण) र साहसिक पर्यटनको निम्ति नेपाल उत्तिकै सम्भावना भएको मुलुक हो । खासगरी प्याराग्लाइडिङ, साइक्लिङ, स्काइ डाइभिङ, बन्जिजम्पिङ जस्ता साहसिक गतिविधिमार्फत पर्यटकीय आकर्षण बढाउन सकिन्छ ।

पदयात्राका निम्ति खुम्बु, अन्नपूर्ण, मनास्लुलगायतका क्षेत्र निकै लोकप्रिय छन् भने ऱ्याफ्टिङ, क्यानोइङजस्ता जलयात्राको निम्ति नेपालका नदीहरू आकर्षक मानिन्छन् । यीबाहेक धार्मिक पर्यटन, ग्रामीण पर्यटन, पर्या पर्यटन, जङ्गल सफारीलाई प्रवर्द्धन गर्न सकिन्छ । यिनै विविधताका कारण नेपालमा पर्यटकीय आकर्षणको निम्ति कुनै निश्चित 'मौसम'मा निर्भर रहनुपर्ने बाध्यता देखिँदैन । बाह्रै महिना पर्यटन व्यवसायलाई गतिशील बनाउन सकिन्छ । अन्तर्राष्ट्रिय स्तरमा पर्यटकीय सम्पदा र सेवाको सघन प्रचारप्रसार गर्न सके बढीभन्दा बढी पर्यटक भित्र्याई पर्यटन व्यवसायलाई विदेशी मुद्रा आर्जनको दिगो स्रोत बनाउन सकिने प्रचुर सम्भावना छ ।

कोभिडपूर्वको अवधिमा नेपालको कुल गार्हस्थ्य उत्पादन (जीडीपी)मा पर्यटन क्षेत्रको प्रत्यक्ष योगदान दुई प्रतिशत थियो । आ.व.२०७८/७९ मा भने यो हिस्सा ०.७ प्रतिशतमा सीमित रहेको सरकारी आँकडाले देखाउँछ । यद्यपि जीडीपीमा पर्यटन क्षेत्रको अप्रत्यक्ष योगदान भने करिब छ प्रतिशतको हाराहारीमा रहेको आँकलन छ । कुल विदेशी मुद्रा आर्जनमा पर्यटन क्षेत्रको अंश सन्तोषजनक छैन । आ.व. २०६०/६१ मा विदेशी मुद्रा आर्जनमा पर्यटन क्षेत्रको हिस्सा झण्डै १० प्रतिशत पुगेको थियो । पछिल्लो एक दशकमा यस्तो आयको औसत अंश चार प्रतिशतमा सीमित रहेको देखिन्छ (हे. चार्ट) ।

**पर्यटन क्षेत्रबाट प्राप्त आय**




*एघार महिनाको तथ्याङ्कमा आधारित।
*स्रोत: नेपाल राष्ट्र बैंक*

नेपालको पर्यटकीय सम्भावनालाई दृष्टिगत गर्दा पर्यटन उद्योगबाट प्राप्त हुने आयलाई वृद्धि गर्न सकिने पर्याप्त आधारहरू छन्। पछिल्लो एक दशकमा नेपालको पर्यटकीय पूर्वाधार विकासमा पनि सन्तोषप्रद सुधार देखिएका छन्। २०७९ फागुनमा डिलक्स/तारेस्तरका १७३ र यीबाहेक पर्यटकीय स्तरका १,२२८ गरी कुल १,४०१ होटल/रिसोर्टका ५३,३६५ शैया छन्। २०६९ मा यो संख्या क्रमशः ८५३ र ३१,६५७ थियो।

विश्व पर्यटन परिषद्द्वारा सन् २०१८ मा प्रकाशित 'ट्राभल एण्ड टुरिजमः इकोनोमिक इम्प्याक्ट २०१८' प्रतिवेदनअनुसार नेपालको पर्यटन क्षेत्रमा झण्डै पाँच लाख जनशक्तिले प्रत्यक्ष रोजगारी पाएका छन्। जुन कुल रोजगारीको तीन प्रतिशतभन्दा बढी हो। सन् २०२८ मा पर्यटनमा आश्रित रोजगारी ६ लाख ३८ हजार पुग्ने परिषद्को प्रक्षेपण छ।

हाल त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा ४० लाखभन्दा बढी यात्रु आवागमनको क्षमता छ। यसभन्दा थप क्षमतासहित यो विमानस्थल स्तरोन्नतिको प्रक्रियामा छ भने लुम्बिनी र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल तयार भएका छन्। हवाई यातायात पूर्वाधारका दृष्टिले यो महत्वपूर्ण उपलब्धि हो।

## चुनौती र आगामी दिशा

पर्यटन उद्योगको विकासलाई सरकारले नीतिगत प्राथमिकतामा राख्दै आएको छ। पर्यटन उद्योगमा लगानीका निम्ति निजी क्षेत्रको पनि उत्तिकै चासो छ। तथापि नेपालको पर्यटन उद्योगले अपेक्षाकृत गति लिन नसकेको महसुस गरिँदै आइएको छ। अन्तर्राष्ट्रियस्तरमा नेपालको पर्यटन बजारलाई अपेक्षित मात्रामा प्रवर्द्धन गर्न सकिएको छैन। अद्वितीय सम्भावना भएर पनि तिनलाई 'ब्राण्डिङ' गरेर यथेष्ट प्रचारप्रसार गर्न नसकिनु अहिलेको प्रमुख समस्या हो। पर्यटन क्षेत्रमा नवीनतम अभ्यासको माग सधैँ हुने गर्छ। त्यसैले नयाँ पर्यटकीय गन्तव्यको पहिचान र विकासलाई प्राथमिकतामा राखिनुपर्छ। यद्यपि नेपालको पछिल्लो समय पर्यटकीय सेवा र उपजमा विविधीकरण ल्याउन सकिएको छैन।

पर्यटकको सहज आवागमनको निम्ति पर्यटन उद्योगमा एयरलाइन्सलाई 'ब्याक बोन' मानिन्छ। नेपाल नागरिक उड्यन प्राधिकरणका अनुसार हालसम्म ४१ वटा मुलुकसँग नेपालको द्विपक्षीय हवाई सेवा सम्झौता भएको छ। अहिले नेपालमा ३० वटा एयरलाइन्सले अन्तर्राष्ट्रिय उडान गर्दै आएका छन्। तीमध्ये टर्किस एयरलाइन्सबाहेक सबै एसियाली मुलुकमा केन्द्रित छन्। गुणस्तरीय पर्यटक आकर्षणको निम्ति युरोपेली मुलुकहरूमा 'एयर कनेक्टिभिटी' विस्तार गर्नुपर्ने आवश्यकता छ। हवाई सञ्जाल विस्तारको निम्ति राष्ट्रिय ध्वजाबाहक नेपाल वायुसेवा निगमको क्षमता विकास गरी प्रतिस्पर्धी बनाउनुपर्ने आवश्यकता देखिन्छ।

अन्तर्राष्ट्रियस्तरमा नेपालको हवाई यातायातको सुरक्षाको विषयमा बेलाबखत प्रश्न उठ्ने गरेको छ। त्यसैले हवाई सेवाको सुरक्षालाई भरपर्दो र विश्वसनीय बनाउनुपर्ने आवश्यकता छ। अन्तर्राष्ट्रिय उडानको निम्ति अर्बौं रुपैयाँ लगानी गरेर भैरहवा र पोखरा विमानस्थलमा आवश्यक पूर्वाधार तयार गरिए पनि दुवैलाई तिनको क्षमताअनुरूप सञ्चालनमा ल्याउन सकिएको छैन। त्यसतर्फ सरकारको ध्यान केन्द्रित हुनुपर्ने देखिन्छ।

सन् २०२२ को आँकडाअनुसार विदेशी पर्यटकको औसत नेपाल बसाई १३.१ दिन छ भने प्रतिदिन औसत खर्च ४०.५ अमेरिकी डलर छ। पन्धौं योजनामा पर्यटकको औसत बसाई १५ दिन र प्रतिदिन औसत खर्च १०० अमेरिकी डलर पुऱ्याउने लक्ष्य लिइएको छ। योजनाको एक वर्ष अवधि बाँकी रहँदा दैनिक खर्च सय डलर पुऱ्याउने लक्ष्य कठिन जस्तै हुने देखिन्छ। पर्यटकीय सेवा र सुविधालाई विविधीकरण गर्दै सेवाको गुणस्तर अभिवृद्धि गर्न सकिएको खण्डमा आगामी केही वर्षमा यो उपलब्धि हासिल हुने सम्भावनालाई नकार्न भने सकिँदैन। जसबाट पर्यटन क्षेत्रबाट प्राप्त हुने विदेशी मुद्राको आम्दानी वृद्धि भई राष्ट्रिय अर्थतन्त्रमा यस क्षेत्रको योगदानलाई वृद्धि गर्न सकिन्छ।

पर्यटन प्रवर्द्धनलाई प्राथमिकतामा राखेर सरकारले सन् २०२३-२०३२ लाई 'पर्यटन दशक'को रूपमा मनाउने घोषणा गरेको छ। यहाँका पर्यटकीय सम्पदाको यथेष्ट प्रचारप्रसार गरी नेपाललाई आकर्षक र सुरक्षित गन्तव्यको रूपमा स्थापित गर्नु आजको आवश्यकता हो। नेपालमा पर्यटन उद्योगलाई थप गतिशील तुल्याउन पूर्वाधार विकासको निम्ति सरकार र निजी क्षेत्रबीच समन्वय हुनुपर्ने देखिन्छ। पर्यटन क्षेत्रको विकासबाट रोजगारी सिर्जनामार्फत जनताको जीवनस्तरमा सुधार ल्याई गरिबी निवारणमा समेत उल्लेख्य योगदान पुऱ्याउन सकिन्छ। ■

# विभिन्न विभागद्वारा ज्ञान आदानप्रदान कार्यक्रम आयोजना

गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभागले असार १० गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो ।

निरीक्षण तथा सुपरिवेक्षण गर्दा अपनाउनुपर्ने प्रक्रिया, प्रतिवेदन लेखन र समान प्रकृतिका कैफियतमा दिइने निर्देशनमा एकरूपता कायम गर्ने सन्दर्भमा उक्त ज्ञान आदानप्रदान कार्यक्रम केन्द्रित थियो । सो अवसरमा विभागका उप-निर्देशक सचिनराज पियाले राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त विप्रेषण कम्पनी र विदेशी विनिमयसम्बन्धी कारोबार गर्ने अन्य संस्थाको निरीक्षण र सुपरिवेक्षणका क्रममा देखिएका कैफियतबारे वार्ता प्रस्तुत गर्नुभयो ।



कार्यक्रममा विभागका कार्यकारी निर्देशक प्रदीपराज पौड्यालले विदेशी विनिमय कारोबार गर्ने कम्पनीको निरीक्षण तथा सुपरिवेक्षण गर्दा आउने समस्या, प्रतिवेदन लेखन तथा एकै प्रकृतिका कैफियतमा दिइने निर्देशनमा एकरूपता कायम गर्ने सम्बन्धमा छलफल गरी निचोडमा पुग्न अनुरोध गर्नुभएको थियो । कार्यक्रममा विभागका कर्मचारीहरूको सहभागिता थियो ।




यसै गरी, गभर्नरको कार्यालयले असार १३ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । सो अवसरमा कार्यालयका उप-निर्देशक सिद्धराज भट्टले 'बृहत् आर्थिक परिसूचक तथा समग्र आर्थिक विश्लेषण' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो ।

त्यस क्रममा उहाँले अर्थतन्त्रका वास्तविक, बाह्य, सरकारी वित्त र मौद्रिक तथा वित्तीय क्षेत्रसँग सम्बन्धित आर्थिक परिसूचकका विविध पक्षबारे जानकारी दिनुभयो । उप-निर्देशक भट्टले वास्तविक क्षेत्रतर्फ आर्थिक वृद्धि, मुद्रास्फीतिलगायतको सैद्धान्तिक पक्षबारे चर्चा गर्नुभयो । यस्तै, बाह्य क्षेत्रअन्तर्गत शोधनान्तर स्थिति, विदेशी विनिमय सञ्चिति तथा सरकारी वित्ततर्फ आम्दानी, खर्च र सार्वजनिक ऋण तथा मौद्रिक क्षेत्रअन्तर्गत कर्जा/निक्षेप परिचालन, ब्याजदर, तरलतालगायतका विषयबारे जानकारी दिनुभयो ।

कार्यक्रममा विभिन्न विभाग/कार्यालयका ६० जना कर्मचारीको सहभागिता थियो । सो अवसरमा गभर्नरको कार्यालयका निर्देशक किरण पण्डितले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नुभयो । कार्यालयका कार्यकारी निर्देशक डा. नेफिल मातङ्गी मास्केले समापन मन्तव्य राख्नुभयो भने उप-निर्देशक डा. भागवत आचार्यले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

यसै गरी, संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागले असार २० गते विभागका कर्मचारीको सहभागितामा ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो ।

सो अवसरमा विभागका उप-निर्देशक आलोकज्योति शाक्यले 'नेपाल राष्ट्र बैंकमा जोखिम व्यवस्थापन' विषयमा प्रस्तुति दिनुभयो । कार्यक्रममा विभागका कार्यकारी निर्देशक सुमनकुमार अधिकारीले पछिल्लो समय सबै विभाग/कार्यालयमा जोखिम विश्लेषण गर्ने पद्धति स्थापित हुँदै गएको उल्लेख गर्दै यसबाट बैंकको जोखिम न्यूनीकरणमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

सो अवसरमा विभागका निर्देशक विनोदराज आचार्यले कार्यक्रमको औचित्यबारे प्रकाश पार्नुभयो भने उप-निर्देशक इमबहादुर क्षेत्रीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■



# प्रदेशस्थित कार्यालयहरूमा ज्ञान आदानप्रदान कार्यक्रम

विराटनगर कार्यालयको असार ११ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गर्‍यो । सो अवसरमा कार्यालयका प्रधान सहायक नवदीप साहले 'नेपालमा चेक अनादरसम्बन्धी कानुनी व्यवस्था' विषयमा वार्ता प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँले विनिमय अधिकार पत्र ऐन-२०३४, बैंकिङ कसुर तथा सजाय ऐन-२०६४, मुलुकी अपराध संहिता र मुलुकी देवानी संहिता-२०७४, नेपाल राष्ट्र बैंक ऐन-२०५८ मा उल्लिखित चेक अनादरसम्बन्धी कानुनी व्यवस्था र सर्वोच्च अदालतबाट प्रतिपादन भएका नजिरलगायतका विषयमा जानकारी दिनुभयो ।

कार्यक्रममा कार्यालयका निर्देशक इन्द्रा चम्लागाई मैनालीले ज्ञान आदानप्रदान कार्यक्रमबाट कर्मचारीको क्षमता अभिवृद्धिमा सहयोग पुग्ने उल्लेख गर्दै अन्य कर्मचारीलाई पनि आफ्ना ज्ञान/सीप प्रस्तुत गर्न आग्रह गर्नुभयो । कार्यक्रममा विराटनगर कार्यालयका कर्मचारीको सहभागिता थियो ।

यसै गरी, जनकपुर कार्यालयले असार १९ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गर्‍यो । सो अवसरमा कार्यालयका उप-निर्देशक अच्युतकुमार थापाले 'सरकारी कारोबार परिचय तथा प्रदेश सरकारको खाता सञ्चालन प्रक्रिया' विषयमा प्रस्तुति दिनुभयो । त्यस क्रममा उहाँले सरकारी कारोबारको परिचयसँगै कारोबारमा संलग्न पक्ष, सम्पादन गरिने कार्य, प्रदेश सरकारका खाता, सरकारी कारोबारको खाता सञ्चालन विधि, हिसाबमिलान र कोष स्थितिलगायतका विषयमा चर्चा गर्नुभयो । कार्यक्रममा जनकपुर कार्यालयका कर्मचारीहरूको सहभागिता थियो ।





पोखरा कार्यालयले असार २२ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गर्‍यो । पोखरा कार्यालयका निर्देशक आर्या जोशीको संयोजकत्वमा आयोजित कार्यक्रममा उप-निर्देशक नवीना ढकालले 'गण्डकी प्रदेशको आ.व. २०८०/८१ को बजेट समीक्षा' विषयमा वार्ता प्रस्तुत गर्नुभयो । कार्यक्रममा पोखरा कार्यालयका सम्पूर्ण कर्मचारीको उपस्थिति थियो ।

यसै गरी, धनगढी कार्यालयले असार २५ गते ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न गर्‍यो । सो अवसरमा कार्यालयका निर्देशक विनोदराज लेखकले 'Employee Motivation and Organizational Productivity' विषयमा वार्ता प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँले कर्मचारी उत्प्रेरणाका सिद्धान्त र यसका विविध पक्ष र कर्मचारी उत्प्रेरणाले सङ्गठनको उत्पादकत्वमा पार्ने प्रभावबारे चर्चा गर्दै आगामी दिनमा कर्मचारीलाई उत्प्रेरित गर्न अवलम्बन गर्नुपर्ने उपायबारे जानकारी दिनुभयो । कार्यक्रममा कार्यालयका कर्मचारीको सहभागिता थियो । ■





# पोखरामा लेखा निर्देशिकासम्बन्धी अनुशिक्षण सम्पन्न



वित्त व्यवस्थापन विभागले असार १७ गते पोखरामा 'संशोधित नेपाल राष्ट्र बैंक, लेखा निर्देशिका' विषयक एक दिने अनुशिक्षण कार्यक्रम आयोजना गऱ्यो ।

कार्यक्रममा लेखा निर्देशिकासँग सम्बन्धित तीन वटा कार्यपत्र प्रस्तुत गरिएको थियो । त्यस क्रममा विभागका सहायक निर्देशक विनु लुइँटेलले 'नेपाल राष्ट्र बैंक, लगानी निर्देशिकाः भाग-१' र सहायक निर्देशक रीमा खनालले 'नेपाल राष्ट्र बैंक, लगानी निर्देशिकाः भाग-२ र 'नेपाल राष्ट्र बैंक, लगानी निर्देशिकाः भाग-३ र ४' मा भएका संशोधनबारे कार्यपत्र प्रस्तुत गर्दै चालु आर्थिक वर्षको खाताबन्दीमा ध्यान दिनुपर्ने पक्षबारे जानकारी दिनुभयो ।

सो अवसरमा विभागका कार्यकारी निर्देशक मुकुन्दकुमार छेत्रीले जीएल सिस्टम र इन्भेन्टरी म्यानजमेन्ट सिस्टममा सम्पत्ति र खर्चको लेखाङ्कनमा संलग्न कर्मचारीको दक्षता अभिवृद्धिमा अनुशिक्षण कार्यक्रम फलदायी रहने विश्वास व्यक्त गर्नुभयो । कार्यक्रममा विभिन्न विभाग र प्रदेशस्थित कार्यालयका २६ जना कर्मचारीको सहभागिता थियो ।

सो अवसरमा वित्त व्यवस्थापन विभागका निर्देशक रामप्रसाद गौतमले कार्यक्रमको उद्देश्य र औचित्यबारे प्रकाश पार्नुभयो भने पोखरा कार्यालयका उप-निर्देशक सम्झना ढकालले स्वागत मन्तव्य राख्नुभयो । विभागका उप-निर्देशक रवीन्द्र भट्टराईले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

## अवकाश

बैंकिङ विभागका निर्देशक आनन्द पौड्यालले २०८० असार ५ देखि बैंक सेवाबाट अवकाश पाउनुभएको छ । यसै गरी, पोखरा कार्यालयका वरिष्ठ कुककम केयर टेकर गोविन्दबहादुर थापाले असार १० देखि अवकाश पाउनुभएको छ । उहाँहरूले ५८ वर्ष उमेरहदका आधारमा अवकाश पाउनुभएको जानकारी जनशक्ति व्यवस्थापन विभागले दिएको छ । *नेपाल राष्ट्र बैंक समाचार* उहाँको सुखद अवकाश जीवनको निम्ति हार्दिक शुभकामना व्यक्त गर्दछ । ■

*प्रकाशक*

**नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय**

सूचना तथा सञ्चार समन्वय महाशाखा

बालुवाटार, काठमाडौं, फोन : ४४१९८०४, Ext.: १३९/१४०/३६२

इमेल : samachar@nrb.org.np,

वेबसाइट : www.nrb.org.np

*सम्पादक*

**डा. भागवत आचार्य**

*सम्पादन सहयोगी*

सविन ओली

लालकुमार सुवेदी

नवीना ताम्राकार

*ले-आउट*

संजीव दाहाल